काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ४८ ❐ बुधवार, २ मंसिर, २०८३ ❐ Wednesday, 18 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

लगानीकै पर्खाइमा ४ सय १७ मेगावाटको नलगाड आयोजना

❐ **चाँदनी काठायत**
सुर्खेत, १ मंसिर

विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको तीन वर्ष बितिसक्दा पनि जाजरकोटको ४१७ मेगावाट क्षमताको नलगाड जलाशययुक्त जलविद्युत् आयोजना लगानीकै पर्खाइमा छ। आयोजनाको प्रारम्भिक अध्ययन भएकै पनि ४१ वर्ष पुगिसक्दा पनि आयोजना निर्माणमा जान सकेको छैन। करिब दुई खर्ब रुपैयाँ बजेट आवश्यक पर्ने आयोजनाको मुख्य





निर्माण सुरु हुन नसकेको हो।

नलगाड हाइड्रोपावर कम्पनीका इन्जिनियर पदम थापाका अनुसार अहिले आयोजना लगानीकै पर्खाइमा छ। 'कि त विदेशी लगानी खोज्नुपऱ्यो, कि त ऋण लिएर ग्लोबल टेन्डर गर्नुपऱ्यो,' थापाले भने, 'लगानी जुटाएर मात्रै मुख्य निर्माणको ठेक्का प्रक्रिया अघि बढ्छ।'

उनका अनुसार बाँध निर्माण र विद्युत् उत्पादनसँग सम्बन्धित मुख्य कामबाहेक निर्माण सुरु गर्नुअघि गर्नुपर्ने अधिकांश गतिविधि अघि बढिसकेका छन्। आयोजना स्थलसम्म पहुँच सडक पुगेको छ। 'मुख्य ठेक्का हुनुभन्दा अगाडिका कामहरु भएका छन्। बाटोको पहुँच भइसकेको छ, जग्गा अधिग्रहण र मुआब्जाको काम गरेका छौं। आर्मी क्याम्प र कर्मचारी बस्ने क्याम्प पनि बनेका छन्,' थापाले भने, 'तर मुख्य बाँध र बत्ती निकाल्ने काम सुरु भएको छैन।'

उनले आयोजनाका लागि करिब दुई खर्ब रुपैयाँ आवश्यक पर्ने भन्दै यसअघि सरकारले जापानलगायत विभिन्न देशसँग लगानीका विषयमा छलफल र प्रयास गरेको बताए। जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) सँग पनि आयोजनामा लगानी गर्ने विषयमा छलफल भएको थियो। तर, लगानीको स्रोत र निर्माणको ढाँचा टुङ्गोमा पुग्न सकेको छैन। 'नेपाल सरकारले पैसा छुट्याएको छैन। यो महँगो आयोजना हो, करिब दुई खर्ब रुपैयाँ चाहिन्छ,' थापाले भने, 'अघिल्लो सरकारले दुई-चारवटा देशसँग लगानीका लागि प्रयास गरेको थियो। अहिलेको सरकारले के गरिरहेको छ भन्नेचाहिँ ठ्याक्कै थाहा छैन।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०८३ असोज २८ मा सार्वजनिक गरेको छ महिने प्रगति विवरणमा आयोजनाको वित्तीय ढाँचा तथा लगानी मोडालिटीसम्बन्धी परामर्शदाताको अध्ययन प्रतिवेदन प्राप्त भएको उल्लेख छ।

त्यस्तै, आयोजना स्थलसम्म पुग्ने पहुँच पुल निर्माणको काम ट्रस राख्ने चरणसहित अन्तिम अवस्थामा पुगेको जनाइएको छ।

डीपीआर तयार गर्न मात्रै एक अर्ब ११ करोड रुपैयाँ खर्च भएको आयोजनामा निर्माणको लगानी भने अझै जुट्न सकेको छैन। अस्ट्रेलियाको स्मेक, एमडब्लूएच र नेपालको उदय जेभीले डीपीआर तयार गर्ने जिम्मा पाएका थिए। २०७३ वैशाख २३ मा भएको सम्झौताअनुसार ३१ महिनाभित्र प्रतिवेदन तयार गर्नुपर्ने थियो। तर, पटकपटक म्याद थप्दा पनि तोकिएको समयमा काम पूरा भएन। अन्तिम प्रतिवेदन २०८० असार १५ मा मात्रै कम्पनीलाई बुझाइएको थियो।

डीपीआर तयार पार्नुअघि नै आयोजनाको पहुँचमार्ग, कार्यालय, सुरक्षा शिविर र साइट क्याम्पलगायत पूर्वाधार निर्माणमा खर्च गरिएको

अध्ययनदेखि डीपीआर र ईआईएसम्म



नलगाड जलाशययुक्त जलविद्युत् आयोजनाको प्रारम्भिक अध्ययन नेपाल विद्युत् प्राधिकरणले २०४५ सालदेखि सुरु गरेको थियो। त्यसपछि जलाशययुक्त आयोजना पहिचान तथा सम्भाव्यता अध्ययनका क्रममा नलगाडलाई अघि सारिएको थियो। सन् १९९९ देखि २००१ बीच पनि यसको सम्भाव्यता अध्ययन भएको थियो। सन् २०१२ मा नेपाल विद्युत् प्राधिकरणले थप सम्भाव्यता अध्ययन गरेपछि आयोजना विकास समिति गठन भएको थियो।

२०७३ वैशाख २३ मा आयोजनाको विस्तृत अध्ययन, बोलपत्र आह्वानको तयारी र डीपीआर तयार गर्ने जिम्मा अस्ट्रेलियाको स्मेक, एमडब्लूएच र नेपालको उदय जेभीले पाए। एक अर्ब ११ करोड रुपैयाँमा भएको सम्झौताअनुसार ३१ महिनाभित्र काम सक्नुपर्ने थियो। तर, तोकिएको समयमा प्रतिवेदन तयार भएन।

डीपीआर निर्माणमा भएको ढिलाइबारे २०७६ मंसिरमा सार्वजनिक भएको विवरणमा सम्झौताअनुसारको अवधि सकिएर *बाँकी पृष्ठ २*

थियो। यी पूर्वतयारीका काममा करिब ९० करोड रुपैयाँ खर्च भएको थापाको भनाइ छ।

४१७ मेगावाट क्षमताको यो जलाशययुक्त आयोजना जाजरकोटको नलगाड नदीमा निर्माण गर्ने प्रस्ताव छ।

बाँधस्थल बारेकोट गाउँपालिका-८ अँधेरी खोलामा र भूमिगत विद्युत्गृह नलगाड नगरपालिका-७ दल्लीमा रहने छ। आयोजनामा २४८ मिटर अग्लो बाँध, करिब साढे आठ किलोमिटर लामो मुख्य सुरुङ र भूमिगत विद्युतगृह निर्माण गर्ने योजना छ। चारवटा टर्बाइनबाट विद्युत् उत्पादन गर्ने प्रस्ताव गरिएको आयोजनाबाट वार्षिक औसत एक हजार २८० गिगावाट घण्टा विद्युत् उत्पादन हुने अनुमान छ।

सवारी दुर्घटना रोक्न शक्तिशाली कानुन ल्याउँदै बालेन सरकार

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ मंसिर

यस वर्ष भाइटीकाको भोलिपल्ट भयानक सवारी दुर्घटना भयो। काठमाडौंमा भाइटीका मनाएर छठ मनाउन आफ्नै थातथलो सर्लाही जाँदै गरेका १४ जनाले मकवानपुरको भीमफेदी-६, चिसापानीगढीमा ज्यान गुमाए। उनीहरू चढेको माइक्रोबस करिब ५०० मिटर तल खसेर दुर्घटना हुँदा अकल्पनीय मानवीय क्षति बेहोर्नुपर्यो। मिथिला क्षेत्रको ठूलो पर्व छठको मुखमा १४ जनाले ज्यान गुमाउँदा सिंगो प्रदेश नै शोकमा डुबेको छ।

चाडपर्वको बेला शोक मनाउनुपर्ने नियति नेपाली समाजले लामो समयदेखि भोग्दै आएको छ। कहिले सडक पूर्वाधार त कहिले चालक तथा कहिले गाडीलाई दोष देखाएर दुर्घटनालाई सामसुम पारिन्छ हरेक दुर्घटनापिच्छे न्यूनतम अनुसन्धान तथा छानविन हुन्छ तर त्यसको प्रभाव केही हुँदैन। फेरि अर्को दुर्घटना हुन्छ, धेरैले अकालमै ज्यान गुमाउँछन्। दुर्घटनाको यो चक्र अन्त्य गर्न सरकारले शक्तिशाली कानुन बनाउने तरखर गरेको छ र त्यसका लागि विधेयक दर्ता गरेको छ। पूर्वाधार मन्त्री सुनिल लम्सालले राष्ट्रिय सडक सुरक्षा विधेयक संसदमा दर्ता गरेका हुन्।

पहिलो- सुरक्षित सडकको लागि सडक पूर्वाधार निर्माणको सुरक्षा मापदण्ड विकास गरी कार्यान्वयन गराउने। दोस्रो- सडक दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षतिलाई कम गर्ने।

र तेस्रो- सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण र सम्बन्धित निकायहरू बीचमा समन्वय कायम गरी सडक सुरक्षा व्यवस्थापन तथा प्रवर्धन गर्ने। मन्त्री लम्सालकाअनुसार यी तीनवटै कामका लागि शक्तिशाली राष्ट्रिय सडक सुरक्षा परिषद्को स्थापना गरिने छ। मन्त्री लम्सालकाअनुसार प्रस्तुत विधेयकमा सडक सुरक्षा परिषद्को स्थापना, परिषद्को गठन, परिषद्को काम, कर्तव्य र अधिकारको व्यवस्था *बाँकी पृष्ठ २*

कर्णाली करिडोरको स्तरोन्नति गर्न ३ अर्ब बढीको ठेक्का

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ मंसिर

कर्णाली करिडोरको दक्षिण खण्डअन्तर्गत ४१ किलोमिटर सडक स्तरोन्नति हुने भएको छ। पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले स्तरोन्नतिका लागि ३ अर्ब रुपैयाँभन्दा बढीको बहुवर्षीय कार्यक्रम स्वीकृत गरी ठेक्का सम्झौता गरिएको जानकारी दिएका छन्। मन्त्री लम्सालले सामाजिक सञ्जालमार्फत प्रतिबद्धताअनुसार कर्णाली करिडोरको स्तरोन्नति अघि बढाइएको बताएका हुन्।

उनका अनुसार खुलालु-सलिसल्ला सडकखण्डअन्तर्गत तीन खण्डमा स्तरोन्नतिको काम हुनेछ। जसअनुसार तुम्चादेखि सलिसल्लासम्म १३ किलोमिटर, खुलालुदेखि कोटसम्म १३ किलोमिटर र भुक्काखोलादेखिपिलिचौरसम्म १५ किलोमिटर सडक स्तरोन्नति गरिनेछ। तीनवटै खण्डको लम्बाइ जोड्दा ४१ किलोमिटर हुन्छ।

बहुवर्षीय ठेक्काको स्वीकृति र बजेट अभावका कारण यसअघि निर्माण कार्य अघि बढ्न नसकेको यो सडक अब ठेक्का सम्झौतापछि कार्यान्वयनमा जाने मन्त्री लम्सालको भनाइ छ।

पाँच पालिका भूमिहीन तथा अव्यवस्थित बसोबासी समस्यामुक्त घोषणा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ मंसिर

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने अभियानले थप उपलब्धि हासिल गरेको छ। भूमि समस्या समाधान समितिले सार्वजनिक गरेको सूचनामा देशका विभिन्न जिल्लाका पाँच स्थानीय तहलाई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्यामुक्त पालिका घोषणा गरिएको उल्लेख छ।

सुचनाअनुसार समस्यामुक्त घोषणा हुने पालिकामा बागलुङको जैमिनी नगरपालिका, डोल्पाको काइके गाउँपालिका,

नेपाल सरकार
भूमि समस्या समाधान समिति

सोलुखुम्बुको खुम्बुपासाङल्हामु गाउँपालिका र महाकुलुङ गाउँपालिका तथा रुकुम पूर्वको भूमे गाउँपालिका रहेका छन्। हालसम्म देशभर भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित तथा स्ववासी गरी ६ हजार ७३८ परिवारलाई जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गरिएको छ। सरकारले अब देशभर भूमिसम्बन्धी समस्या समाधानको कामलाई थप तीव्रता दिँदै सरल, सहज र छरितो प्रक्रियामार्फत लालपुर्जा वितरण गर्ने अभियानलाई अघि बढाउने जनाएको छ। सरकारले नागरिकको वर्षौंदेखिको भूमि समस्या समाधान गरी उनीहरूलाई जग्गाको कानुनी स्वामित्व सुनिश्चित गर्ने लक्ष्यसहित यस कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ।

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

बुधवार, २ मंसिर, २०८३
Wednesday, 18 Nov 2026

सम्पादकीय

सम्पदा संरक्षणमा अब ढिलाइ नगरौं

जाजरकोटको ऐतिहासिक पहिचान बोकेका सेतो र रातो दरबार पुनर्निर्माणका लागि सरकारले बजेट स्वीकृत गर्नु सकारात्मक र स्वागतयोग्य कदम हो । २०८० साल कात्तिक १७ गते गएको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त यी ऐतिहासिक संरचना लामो समयसम्म पुनर्निर्माणको प्रतीक्षामा रहनु दुःखद विषय थियो। पटक-पटक बजेट विनियोजन भए पनि स्रोत सुनिश्चितता र प्रशासनिक प्रक्रियाको उल्झनले पुनर्निर्माण अघि बढ्न सकेको थिएन । यसपटक दुवै दरबारका लागि २८ करोड रूपैयाँ र जिल्ला अदालत भवनका लागि थप २० करोड रूपैयाँ स्वीकृत हुनु आशाको नयाँ सञ्चार हो । जाजरकोटका यी दरबार केवल पुराना भवन होइनन्, कर्णालीको इतिहास, सभ्यता, संस्कृति र पहिचानका जीवन्त दस्तावेज हुन् । बाइसे राज्यकालीन इतिहाससँग जोडिएका यी संरचनाले तत्कालीन जाजरकोट राज्यको राजनीतिक, प्रशासनिक तथा सामाजिक जीवनको प्रतिनिधित्व गर्छन् । राजा हरि शाह र इन्द्रनारायण शाहको शासनकालसँग जोडिएका यी दरबारको ऐतिहासिक महत्व पुस्तौंसम्म हस्तान्तरण गर्नुपर्ने अमूल्य सम्पत्ति हो ।

विगतमा पनि बजेट विनियोजन भएर काम अघि नबढेको अनुभव हामीसँग छ । त्यसैले यसपटक स्वीकृत बजेट समयमै कार्यान्वयन हुनु आवश्यक छ । ठेक्का प्रक्रिया, पुरातत्व विभागको स्वीकृति, प्राविधिक अध्ययन र अन्य प्रशासनिक प्रक्रियालाई अनावश्यक रूपमा लम्ब्याइनु हुँदैन । सम्बन्धित सरकारी निकाय, जनप्रतिनिधि र स्थानीय सरोकारवालाले पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । दरबार पुनर्निर्माण गर्दा अर्को महत्वपूर्ण पक्ष यसको मौलिक स्वरूपको संरक्षण हो । ऐतिहासिक सम्पदालाई आधुनिक भवनको स्वरूप दिएर पुनर्निर्माण गर्नु यसको ऐतिहासिक अस्तित्वमाथि अन्याय हुनेछ । पुराना झ्यालढोका, काठका कलात्मक आकृति, परम्परागत वास्तुकला र निर्माण शैलीलाई वैज्ञानिक तथा प्राविधिक आधारमा संरक्षण गर्नुपर्छ । पुनर्निर्माणका नाममा इतिहास मेटाउने होइन, इतिहासलाई जीवन्त बनाउने काम हुनुपर्छ ।

यी दरबारलाई पुनर्निर्माणपछि संग्रहालय तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । जाजरकोटको ऐतिहासिक विरासत, कला, संस्कृति र परम्परालाई राष्ट्रिय तथा अन्तर राष्ट्रियस्तरमा चिनाउने अवसर पनि यही हो । यसले स्थानीय पर्यटन, रोजगारी, व्यवसाय र आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउन सक्छ । त्यसका लागि दरबार क्षेत्रको संरक्षणसँगै सडक, यातायात, सूचना, सरसफाइ र पर्यटकीय पूर्वाधारको विकासमा समेत ध्यान दिनुपर्छ । भूकम्पले क्षति पुऱ्याएका ऐतिहासिक संरचनालाई वर्षौंसम्म अलपत्र छाड्नु राज्यको सम्पदा संरक्षणसम्बन्धी जिम्मेवारीप्रतिको उदासीनता हो । स्वीकृत बजेटको प्रभावकारी उपयोग, पारदर्शी कार्यान्वयन र गुणस्तरीय निर्माण सुनिश्चित गर्न नियमित अनुगमन आवश्यक छ ।

किसानको कथामा प्रतिबिम्बित नेपाली राजनीति



✍ सन्दिप पराजुली

कुनै समयमा गाउँको खेत बूढो किसानका लागि जीवनभरको मेहनत, सङ्घर्ष र त्यागको प्रतीक थियो । यही खेतको आम्दानीबाट उसका छोराछोरी हुर्किए । परिवारको सामान्य जीविकोपार्जन भइरह्यो । ३०औं वर्षको खेतीमा किसानले कहिले राम्रो उत्पादन गऱ्यो त कहिले खडेरी र कमजोर बजारको सामना पनि गऱ्यो ।

तर परिस्थितिलाई दोष दिनुभन्दा धैर्य, योजना, समयानुकूल निर्णय र निरन्तर सुधारलाई महत्त्व दियो उसले । मौसम आफ्नो नियन्त्रणमा नभए पनि खेतीको तरिका बदल्न सकिन्छ र बजार आफ्नो नियन्त्रणमा नभए पनि त्यसअनुसार उत्पादन तथा बिक्रीको रणनीति बनाउन सकिन्छ भन्ने उसको विश्वास थियो । तर समयसँगै उत्पादन र आम्दानी कमजोर हुँदै गयो । किसानको वास्तविक कमजोरी भनेको आफ्ना उत्तराधिकारीको क्षमता र कमजोरी पहिचान गरी त्यसलाई सुधार्ने अवसर नदिनु थियो । उसले उत्तराधिकारीलाई सही निर्णय लिन सक्ने क्षमता विकास गराउनुको सट्टा महत्त्वपूर्ण निर्णयहरू आफैंले गर्दै गयो । यसले उत्तराधिकारीलाई जिम्मेवारी सम्हाल्ने, परिस्थितिको मूल्याङ्कन गर्ने र सही निर्णय लिने अनुभव तथा क्षमताको विकासबाट वञ्चित गरायो । यही कमजोरीको फाइदा उठाउँदै केही स्वार्थ समूहका बाह्य परिचालित व्यक्तिहरू त्यो गाउँमा सक्रिय हुन थाले । उनीहरूको उद्देश्य किसानको समस्या समाधान गर्नु थिएन, बरु कमजोरीहरू देखाएर किसानको परिवारभित्र अविश्वास सिर्जना गर्नु र अन्ततः भूमिमा आफ्नो स्वामित्व स्थापित गर्नु थियो ।

उक्त समूहले किसानको वास्तविक समस्या समाधान गर्ने प्रयास गर्नुको सट्टा विभिन्न किसिमका हल्ला र अफवाह फैलाउन थाले । जस्तै 'अब यो खेतबाट केही हुँदैन', 'बूढो किसानले खेती गर्न सक्दैन', 'उसको तरिका पुरानो भइसक्यो', 'यो खेत अरू कसैले सम्हाले मात्र राम्रो हुन्छ' जस्ता कुरा गाउँमा सुनिन थाले । किसानले वर्षौंदेखि गरेको मेहनत, भोगेको सङ्घर्ष र खेत जोगाउन गरेको योगदानलाई बिर्साएर उसका केही असफल वर्षलाई मात्र ठुलो बनाएर प्रस्तुत गर्न थालियो ।

यही वातावरणबिच एक दिन गाउँमा एउटा नयाँ व्यक्तिको प्रवेश भयो । ऊ सिपालु पाराले कुरा गर्न जान्दथ्यो । उसको बोलीमा आत्मविश्वास थियो, शब्दमा आकर्षण थियो र भविष्यको चम्किलो तस्बिर थियो । उसले गाउँका मानिसहरूलाई भेला पाऱ्यो र किसानका छोराछोरीसँग विशेष रूपमा संवाद गर्न थाल्यो ।

उसले भन्यो, 'अब तपाईंहरूको जीवन बदलिनु पर्छ । पुरानो तरिकाले खेती गरेर कहिलेसम्म बस्ने ? मैले यो खेतलाई आधुनिक बनाउने छु । वैज्ञानिक खेती गर्ने छु । नयाँ प्रविधि भित्र्याएर उत्पादन दोब्बर-तेब्बर बनाउने छु । यही खेतबाट तपाईंहरूको परिवारमा समृद्धि ल्याउने छु ।'

यस्तो आश्वासन सुनेपछि, अभावमा हुर्किएका किसानका छोराछोरीका आँखामा आशाको दियो चम्कियो । उनीहरूलाई लाग्यो, अब दुःखका दिन समाप्त हुनेछन् । बूढो किसानले पनि मनमनै सोच्यो, 'सायद मैले जीवनभर गर्न नसकेको काम अब यसले गर्न सक्ने छ । सायद मेरा छोराछोरीले मैले भोगेजस्तो दुःख भोग्नुपर्ने छैन ।' ठुला सपना र मिठा वाचाबिच अन्ततः खेत नयाँ किसानको जिम्मामा पुग्यो । नयाँ किसानले गाउँमा ठुलो घोषणा गऱ्यो, 'अब पुरानो ढर्रा अन्त्य भयो । यो खेत नमुना खेत बन्नेछ । यहाँ आधुनिक कृषि हुनेछ, उत्पादन बढ्नेछ र सबैको जीवन समृद्ध हुनेछ ।'

गाउँलेहरूले ताली बजाए । परिवारले नयाँ भविष्यको कल्पना गर्न थाल्यो । केहीले नयाँ किसानलाई परिवर्तनको प्रतीकका रूपमा हेर्न थाले । पुरानो तरिका छोडेर नयाँ बाटोमा हिँड्दा समृद्धि आउने विश्वास बलियो बन्यो । तर समय बित्दै गयो । भाषणको उत्साह बिस्तारै घट्यो र खेतमा उत्पादनको वास्तविक हिसाब सुरु भयो ।

सुरुवात मा उत्पादन बढेन । नयाँ किसानले भन्यो, 'जोत्ने गोरुहरू कमजोर रहेछन् ।'

परिवारले त्यो कुरामा विश्वास गऱ्यो । तर अर्को वर्ष पनि अपेक्षित उत्पादन आएन ।

उसले भन्यो, 'मल राम्रो परेन ।'

निरन्तर उसले पानीको समस्या देखायो । त्यसपछि मौसमलाई दोष दियो । कहिले मल त कहिले पानी, कहिले मजदुर त कहिले बजार जिम्मेवार भए । कहिले भने नयाँ किसानले पुरानो व्यवस्थालाई दोष दियो । हरेक पटक नयाँ कारण देखाइए तर परिणाममा बिसको उन्नाइस हुन सकेन । अन्ततः एक दिन नयाँ किसानले गम्भीर हुँदै घोषणा गऱ्यो, 'यो खेत नै पहिल्यै बिग्रिएको रहेछ । पुरानो किसानले माटो खराब बनाएर छाडेको रहेछ । मैले त बिग्रिएको खेत सम्हाल्न खोजेको मात्र हुँ ।'

परिवारले केही समय उसको कुरा पत्यायो । तर समय सबैभन्दा ठुलो परीक्षक हो । समय बित्दै जाँदा वास्तविकता लुकाउन कठिन भयो । बहाना बढ्दै गए, उत्पादन बढेन ।

खर्च बढ्दै गयो, आम्दानी बढेन । ऋण बढ्दै गयो, तर लेस मात्र पनि समृद्धिको सङ्केत देखिएन । वाचा धेरै थिए, उपलब्धि कम भयो । भाषणमा खेत हराभरा देखिन्थ्यो, तर वास्तविक खेतमा बाली कमजोर हुँदै गइरहेको थियो । एक दिन परिवारका एक सदस्यले साहस गरेर सोध्यो, 'हरेक पटक नयाँ कारण किन आउँछ ? समस्या खेतमा मात्र हो कि खेती गर्ने तरिकामा ?' अर्को सदस्यले थप्यो, 'मौसम, मल, पानी र बजारको आफ्नै भूमिका होला । तर हरेक असफलताको दोष अरूलाई दिएर किसानको जिम्मेवारी पूरा हुन्छ र ?'

किसान परिवारमा यस्तो पीडादायी अवस्था आयो कि उनका एक छोराले आत्महत्याको प्रयास गरे । त्यस प्रश्नपछि घरमा सन्नाटा छायो ।

बूढो किसान केही समयसम्म चुप लागेर खेततिर हेरिरह्यो । उसको अनुहारमा अन्योल मिश्रित आवेग थियो । अन्ततः उसले भन्यो, 'मैले खेत दिँदा तिमीहरूलाई जमिन मात्र दिएको होइन । तिमीहरूको भविष्यको आशा पनि सुम्पिएको थिएँ ।'

त्यो वाक्यले परिवारलाई झनै गम्भीर बनायो । उनीहरूले एउटा महत्त्वपूर्ण सत्य बुझे, सपना देखाउनु र सपना पूरा गर्नु एउटै कुरा होइन । सपना देखाउन सजिलो हुन्छ । केही आकर्षक शब्द, ठुला योजना र आशावादी भाषणले मानिसलाई प्रभावित गर्न सकिन्छ । तर वास्तविक परिवर्तन ल्याउन मेहनत, सही नीति, स्रोतको उचित व्यवस्थापन, निरन्तर अनुगमन र जिम्मेवारी चाहिन्छ । वाचा गर्न एक क्षण लाग्छ, तर वाचा पूरा गर्न वर्षौंको परिश्रम चाहिन्छ । यही किसानको कथा नेपालको राजनीतिसँग जोडेर हेर्दा अझ अर्थपूर्ण महसुस हुन्छ ।

नेपालमा राजनीतिक दल र नेताहरूले जनतालाई पटक-पटक समृद्धि, रोजगारी, सुशासन, विकास र परिवर्तनका सपना देखाएका छन् । जनताले पनि नयाँ अनुहार, नयाँ विचार र नयाँ नारामा आफ्नो भविष्य खोजेका छन् । लामो समयदेखि बेरोजगारी, गरिबी, असमानता र राजनीतिक अस्थिरता भोगिरहेका मानिसहरू परिवर्तनको आशा गर्नु स्वाभाविक हो ।

तर सत्ता प्राप्त गरेपछि एउटै प्रश्न बारम्बार उठ्ने गर्छ- परिणाम कहाँ छ ?

जनतालाई भाषण होइन रोजगारी चाहिएको छ । नाराभन्दा महँगीबाट राहत चाहिएको छ । घोषणाभन्दा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा चाहिएको छ । कागजमा बनेका योजनाभन्दा वास्तविक सडक, पुल, खानेपानी, कृषि र उद्योग चाहिएको छ। युवालाई विदेश जान बाध्य पार्ने परिस्थितिभन्दा आफ्नै देशमा अवसर चाहिएको छ ।

सरकारले सबै समस्या आफैं सिर्जना गरेको हुँदैन । यो कुरा स्वीकार गर्नुपर्छ । अर्थतन्त्रमा अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव हुन्छ । प्राकृतिक विपत्ति आउन सक्छ । अघिल्लो सरकारले छाडेका समस्या हुन सक्छन् । कर्मचारीतन्त्रको जटिलता हुन सक्छ । विपक्षी दलको अवरोध हुन सक्छ । तर यी सबै बिच वर्तमान बेथितिको मूल जिम्मेवार सरकार नै हुन्छ ।

किसानले मौसम नियन्त्रण गर्न सक्दैन, तर मौसमअनुसार खेती गर्न सक्छ । खडेरी रोक्न सक्दैन, तर सिँचाइको योजना बनाउन सक्छ । असिनालाई रोक्न सक्दैन, तर जोखिम कम गर्ने उपाय अपनाउन सक्छ । त्यसैगरी सरकारले विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय बजार वा प्राकृतिक विपत्ति नियन्त्रण गर्न नसके पनि त्यसअनुसार नीति बनाउन सक्छ । उपलब्ध स्रोतको सही प्रयोग गर्न सक्छ । प्राथमिकता निर्धारण गर्न सक्छ । कमजोर व्यवस्थापन सुधार्न सक्छ र गल्तीबाट सिक्न सक्छ ।

त्यसैले हरेक असफलताको दोष अघिल्लो सरकार, कर्मचारी, प्रणाली, विपक्षी वा परिस्थितिलाई मात्र दिइरहनु खेत बाँझो भएपछि माटोलाई दोष दिनुजस्तै हो ।

यस वर्षका २० उत्कृष्ट करदाता



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १ मंसिर

यो वर्षका लागि उत्कृष्ट २० करदाताको नाम घोषणा भएको छ । आन्तरिक राजस्व विभागले राष्ट्रिय कर दिवस २०८३ को अवसरमा विषयगत क्षेत्रतर्फ सबैभन्दा धेरै कर तिर्ने उत्कृष्ट करदाताहरूको विवरण घोषणा गरेको हो ।

विभागमा आयोजित कर दिवस समारोहमा सार्वजनिक गरिएको विवरणअनुसार निकायमध्ये सबैभन्दा धेरै आयकर दाखिला गर्ने करदातामा सूर्य नेपाल परेको छ भने व्यक्तिगत आयतर्फ राजबहादुर शाह उत्कृष्ट करदाता घोषित भएका छन् ।

त्यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ हिमालयन डिस्टिलरी लिमिटेडले सबैभन्दा धेरै कर तिरेको छ । बैंकिङ क्षेत्रबाट नबिल बैंक, पर्यटन व्यवसायबाट सोल्टी होटल लिमिटेड र सूचना प्रविधितर्फ तिन फाइनाइट सर्भिसेस नेपाल उत्कृष्ट करदाता बनेका छन् ।

प्रतिकूल व्यावसायिक अवस्थाका बाबजुद एक्सेप्सनल बिजनेस विधातर्फ भाटभटेनी सुपरमार्केटउत्कृष्ट करदाताको सूचीमा परेका छन् । भाटभटेनीको तर्फबाट सावित्री गुरुङले उक्त सम्मान तथा प्रमाणपत्र ग्रहण गरिन् ।

उत्कृष्ट घोषित करदाता तथा कम्पनीका प्रतिनिधिहरूलाई अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसहित अर्थ मन्त्रालय तथा विभागका अधिकारीहरूले प्रमाणपत्रसहित सम्मान गरेका थिए ।

सवारी...

समेटिएको छ । त्यस्तै प्रदेश सडक सुरक्षा समन्वय समिति, स्थानीय सडक सुरक्षा समन्वय समिति, सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडकको विकास तथा निर्माण सम्बन्धी व्यवस्था, नेपाल सरकारलाई सिफारिस गर्न सक्ने, पञ्जीकरण गरी इजाजत प्रदान गर्नु पर्ने प्रबन्ध छ। यस्तै सुरक्षित गति र नियमन, दुर्घटना वा जोखिम हुने कार्य गर्न नहुने, परिषद्ले निर्देशन दिन सक्ने, सचेतना अभिवृद्धि कार्यक्रम, सडक सुरक्षा आचार संहिता, सडक दुर्घटनाको जानकारी दिनुपर्ने, उद्धार कार्यको निगरानी र नेतृत्व, उपचार गर्ने कर्तव्य हुने, बीमा सम्बन्धी मापदण्डको लागि सुझाब दिन सक्ने, सडक दुर्घटनाको हानि-नोक्सानी तथा क्षतिपूर्ति, पीडितको पुनःस्थापना, सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणाली, दुर्घटना अध्ययन समिति, सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धान कार्यकारी निर्देशकको नियुक्ति, कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार, सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था, परिषद्को कोष, कोषको रकमको प्रयोग, लेखा र लेखापरीक्षण, विद्युतीय अभिलेख प्रणालीमा पहुँच दिनुपर्ने, अधिकार प्रत्यायोजन गर्न सक्ने, वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने, नेपाल सरकारले निर्देशन दिन सक्ने, नेपाल सरकारसँग सम्पर्क, नियम बनाउन सक्ने, विनियमावली बनाउन सक्ने निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने, खारेजी र बचाउ जस्ता विषयहरु छन् ।

अध्ययनदेखि...

नौ महिना म्याद थपिएको उल्लेख छ । त्यस अवधिसम्म बाँधको डिजाइन, वातावरणीय प्रभाव मूल्याङ्कन, स्थलाकृतिक तथा भौगर्भिक सर्वेक्षण, ड्रिलिङ र ४०० केभी प्रसारण लाइनको सर्वेक्षणको काम भएको थियो । परीक्षण सुरुङ, विद्युत्गृहको डिजाइन र अन्तिम प्रतिवेदनलगायत काम बाँकी थिए ।

२०७७ पुस ३ मा ऊर्जा मन्त्रालयमा भएको छलफलमा परामर्शदाता कम्पनीले डीपीआरको करिब ८५ प्रतिशत काम पूरा भएको र बाँकी कामका लागि २०२१ सेप्टेम्बर १२ सम्म समय मागेको थियो । त्यसअघि २०१९ अगस्टमा तीन महिना र त्यसपछि २०२० मेसम्म नौ महिना म्याद थपिएको विवरण सार्वजनिक भएको थियो । २०७८ मंसिर ३ मा सार्वजनिक विवरणअनुसार परामर्शदाताले बाँकी काम पूरा गर्न २०२२ फेब्रुअरीसम्म थप समय मागेको थियो । त्यसबेला संशोधितकार्यतालिकाअनुसार डीपीआर पूरा गर्न कुल ६९ महिना लाग्ने अनुमान गरिएको थियो ।

डीपीआरको काम अघि बढिरहँदा वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) को प्रक्रिया पनि अगाडि बढाइएको थियो । ईआईए प्रतिवेदनको समीक्षा गर्न २०७६ कात्तिक १९ मा नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी कम्पनीसँग छुट्टै सम्झौता भएको थियो । उक्त समीक्षाको अन्तिम प्रतिवेदन २०७८ जेठमा बुझाइएको थियो । २०८० साउन १० मा वन तथा वातावरण मन्त्रालयले ईआईए प्रतिवेदनबारे सरोकारवालासँग राय-सुझाव मागेको थियो । मन्त्रालयले २०८० कात्तिक १५ मा ईआईए प्रतिवेदन स्वीकृत गरेको थियो ।

डीपीआर प्रतिवेदन २०८० असार १५ मै कम्पनीलाई बुझाइएको थियो । प्रतिवेदन नेपाल इन्जिनियर्स एसोसिएसनबाट जाँच गराएपछि डीपीआरको काम पूरा भएको आयोजनाका तत्कालीन निर्देशक सुनिल पौडेलले बताएका थिए । त्यसपछि निर्माणका लागि लगानी जुटाउने र निर्माणको ढाँचा तय गर्ने प्रक्रिया अघि बढाउने भनिए पनि त्यसले ठोस रुप लिन सकेन ।

नेपालगन्जमा कर सप्ताह सुरू

❐ काँक्रेविहार संवाददाता
बाँके, १ मंसिर

नेपालगन्जमा मङ्गलबारदेखि राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०८३ सुरु भएको छ। प्रभातफेरी र अन्तरक्रिया कार्यक्रम गरेर कर सप्ताह सुरु गरिएको छ।

आन्तरिक राजस्व कार्यालय नेपालगन्जको आयोजनामा करसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रभातफेरी र अन्तरक्रिया गरिएको हो।

आन्तरिक राजस्व कार्यालय परिसरबाट सुरु भएको प्रभातफेरी बीपी चोक, धम्बोझी चोक, सेतु विक चोक, न्युरोड, त्रिभुवन चोक, चारबाहिनी चोक र गणेशमान चोक हुँदै पुनः कार्यालय परिसरमा पुगेर समापन भएको थियो। प्रभातफेरीपछि



कार्यालय प्रमुख एवम् प्रमुख कर अधिकृत प्रेमप्रसाद उपाध्यायको अध्यक्षता तथा बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङको प्रमुख आतिथ्यतामा औपचारिक कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तामाङ, नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख राजेन्द्र बस्नेत, नेपाल लेखामान बोर्डका सदस्य अब्दुल करिम खाँ, अडानका केन्द्रीय सचिव मो. जुबेर राई, नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी ओली, आइक्यान बाँकेका अध्यक्ष प्रभञ्जन रेग्मी, अडानका अध्यक्ष भुवनप्रकाश गैह्रे तथा नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीन गिरी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

जहाजविहीन बने सुदूरपश्चिमका पहाडी विमानस्थल

❐ काँक्रेविहार संवाददाता
अछाम, १ मंसिर

सुदूरपश्चिमका पहाडी जिल्लामा रहेका विमानस्थल जहाजको प्रतीक्षामा छन्।

तत्कालीन विद्रोही पक्ष माओवादी आन्दोलनको समयमा ध्वस्त बनेका विमानस्थल शान्ति प्रक्रियापछि लामो समयसम्म गौचरनमा परिणत भएका थिए।

सुदूरपश्चिमका नागरिकको निरन्तर दबाबपछि पुनर्निर्माण गरी पक्की धावनमार्गसमेत निर्माण गरिएका विमानस्थलमा केही समय चार्टर्ड उडान भए पनि अहिले भने हवाई सेवा बन्द अवस्थामा छ।

समिट एयरलाइन्स र नेपाल वायुसेवा निगमले प्रदेश राजधानी धनगढीबाट अछामको साँफेबगर, डोटीको दिपायल, बझाङको देवल र बैतडीको पाटन विमानस्थलमा उडान भर्दै आएका थिए।

तर, यात्रु र जहाजको अभाव देखाउँदै उडान बन्द गरेको लामो समय बितिसक्दा पनि ती विमानस्थलमा नियमित हवाई सेवा सञ्चालन हुन सकेको छैन।

हिमपातले सडक अवरूद्ध

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १ मंसिर

सिमकोट-हिल्सा सडक खण्डको यारी हिल्सा क्षेत्रको नारा सडक अवरुद्ध भएको छ। आइतबार भएको हिमपातले सडकमा हिउँ जमेको कारण यातायात सेवा अवरुद्ध भएको हो।



नारा लेकको सडक हिमपातले तेम्रो पटक अवरुद्ध भएको भन्सार कार्यालयका प्रमुख रामराज जैसीले बताए। आइतबार परेको हिउँ सडकमा जमेपछि त्यसयता यातायात सेवा बन्द भएको हो। उनका अनुसार हिल्सामा रहेको सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (विओपी) को एक टोली सोमबार दिउँसो नारा लेकसम्म पैदल पुगेको र उक्त टोलीले सडकमा जमेको हिउँ नपन्छाएसम्म यातायात सेवा सुचारु हुन सक्ने अवस्था नरहेको जानकारी गराएको हो।

यसको जानकारी हिल्सा सिमकोट सडक योजनालाई गराइसकेको र अब चाँडै सडकमा जमेको हिउँ पन्छाउने कार्य सुरु हुनेछ। यारीको सिपसिपबाट नाराको चोर लाग्ना सम्मको पन्द्र मिलोटिर सडकमा हिउँ जमेको उनले जानकारी दिए।

हाल हिल्सामा सशस्त्र प्रहरी, नेपाल प्रहरी, भन्सार कार्यालय र अध्यागमन कार्यालयका कर्मचारी होटल ब्यवसायी गरी नब्बे जना बस्दै आएका छन्। चीनको ताक्लाकोटका कामका लागि गएमन हुम्लाका युवायुवती पनि हुम्ला फिर्ता हुने क्रम जारी रहेको थियो। अब हिमपातले सडक अवरुद्ध भएपछि उनीहरु समेत रोकिाए छन्।

यसअघि असोज ९ देखि १२ गते र कात्तिक १२ देखि १४ गतेसम्म परेको हिमपातमा पनि उक्त सडकमा यातायात सेवा बन्द भएको थियो। पछि हिल्सा सिमकोट सडक योजनाले सडकमा जमेको हिउँ जेसिवी लगाएर पन्छाएपछि यातायात सेवा सुचारु भएको थियो।

पत्रकार महासंघले थाल्यो आन्दोलन

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १ मंसिर

समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकड र प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने प्रयासविरुद्ध नेपाल पत्रकार महासंघले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति अनुदार व्यवहार देखाएको आरोप लगाउँदै कडा विरोध जनाइएको छ।

प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास, सञ्चारमाध्यममा अनाधिकृत रूपमा गाडी तेर्स्याउनेलाई हालसम्म कारबाही नगरिएको विषय र गोरखापत्रलगायत सरकारी



तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासन गरिएको घटनाप्रति महासंघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

त्यसैगरी, श्रम अधिकारको उल्लंघन र लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले प्राप्त गरिरहेको रकम प्रेस काउन्सिल नेपालको सिफारिसबमोजिम नभएको विषयलाई पनि आन्दोलनको प्रमुख कारण बनाइएको छ।

तातोपानी नाका नखुल्दा व्यवसायी निराश

❐ काँक्रेविहार संवाददाता
सिन्धुपाल्चोक, १ मंसिर

नेपाल-चीन जोड्ने तातोपानी नाका पूर्ण रूपमा नखुल्दा व्यवसायीले चिन्ता व्यक्त गरेका छन्। यो नाका चीनसँगको सबैभन्दा छोटो दूरीमा पर्छ। तातोपानी नाका खुलाउने विषयमा सिन्धुपाल्चोक १ का सांसद भरतप्रसाद पराजुलीले आयोजना गरेको सर्वपक्षीय बृहत् अन्तरक्रिया कार्यक्रममा उद्योगी, व्यवसायी तथा स्थानीय बासिन्दाले नाका चाँडो खुलाउन सरकारसँग माग गरेका छन्।

लामो समयसम्म नेपाल-चीन



जोड्ने प्रमुख व्यापारिक मार्ग सञ्चालनमा नआउँदा व्यवसायीहरू पेसाबाटै पलायन हुनुपरेको उनीहरूको भनाइ छ। २०७२ सालको भूकम्पयता पटकपटक बन्द हुँदै आएको तातोपानी नाका नियमित सञ्चालनमा चीनले चासो नदेखाएको भन्दै सिन्धुपाल्चोकका व्यापारी तथा जनप्रतिनिधिले सरकारले बेइजिङसँग स्पष्ट जवाफ माग्नुपर्ने बताए।

'व्यापारी र व्यवसायीले आशा मारिसकेका छन्। उनीहरू पूर्ण रूपमा निराश भइसकेका छन्', सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष बुद्धराज बस्नेतले भने, 'अब सरकारले नाका खोल्न उच्चस्तरीय पहलकदमी नलिने हो भो व्यवसायीले यो नाकाबाट व्यवसाय गर्न सक्ने छैनन्।' कार्यक्रममा व्यवसायी, स्थानीय तहका प्रतिनिधि र स्थानीयबीच नाका अवरुद्ध हुनुका कारण, व्यापारीले भोग्नुपरेको सास्ती र आगामी कार्यदिशाबारे बहस भएको थियो।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०२

यस मन्त्रालयको आ.व. २०८३/०८४ को सङ्घीय सशर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवापूँजी र प्रविधि सहयोग सहित महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" बमोजिम ईच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले उक्त कायविधिको दफा ६ बमोजिमको देहायका कागजात संलग्न राखी अनुसूची १ अनुसारको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायको कागजात सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

देहाय:

महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू:

१. उद्योग व्यवसाय दर्ता तथा नवीकरणको प्रमाणपत्र,
२. स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धी कर दर्ताको प्रमाणपत्र,
३. आ व २०८२/०८३ सम्मको कर चुक्ताको प्रमाणपत्र,
४. व्यावसायिक योजना,
५. माग गर्ने प्रविधिको क्षमता सहितको विवरण (आवश्यक पर्ने प्रविधि, सो प्रविधिको क्षमता र अनुमानित बजार मूल्य)
६. यस अघि प्रदेश वा स्थानीय तहबाट विगत पाँच वर्षमा टेवापूँजी र प्रविधि सहयोग अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा महिला उद्यमी/महिला उद्यमी समूहको स्वघोषणा पत्र।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरु र कार्यविधिको दफा ७ बमोजिम सिफारिसका आधारमा एक जना महिला उद्यमी र एक वटा महिला उद्यमी समूह छनौट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५(प्रन्ध) दिनभित्र यस मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, "महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवापूँजी र प्रविधि सहयोग सहित महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०८३" "मन्त्रालयको वेबसाइटः www.mosd.karnali.gov.np मा हेर्न सकिने व्यहोरा अनुरोध छ।

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

आन्तरिक आयको ठेक्का बन्दोबस्तको सूचना

प्रथम पटक प्रकाशित मिति – २०८३/०८/०२

यस भेरीगंगा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार, आर्थिक वर्ष २०८३/०८४ को लागि नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री गर्ने ठेक्का बन्दोबस्त बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि न्यूनतम ठेक्का अंकभन्दा बढी बोलकबोल गर्न इच्छुक तथा योग्य बोलपत्रदाताहरूका लागि बोलपत्र आह्वानको सूचना गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०८/२१ गते दिनको १२ बजे कायम गरिएको छ र बोलपत्र अनिवार्य रूपमा विद्युतीय माध्यम (e–Bidding) बाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np) मार्फत मात्र पेश गर्नुपर्नेछ, हार्ड कपी (सिलबन्दी खाम) स्वीकार गरिने छैन।

देहाय:

आन्तरिक आय ठेक्का नं.	आन्तरिक आय ठेक्काको नाम	उत्खनन् परिमाण (घन मिटर)	न्यूनतम बोलपत्र कबोल अंक रू. (भ्याट बाहेक)	धरौटी रकम
801066803/ BGM/NCB/ MINES/2083/084-01	नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण (भेरी नदी, छिन्चु खोला, डुङ्गी खोला, कालापानी खोला र झिम्नी खोला)	६०,००२.७५	रू. १,०५,९८,४२७.०५।-	कबोल अंकको ५%

विस्तृत जानकारीका लागि www.bherigangamun.gov.np, bolpatra.gov.np मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

हिउँदयाममा विद्युत् प्राधिकरणले भारतबाट ३५० मेगावाट विद्युत् आयात गर्ने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ मंसिर

नेपाल विद्युत् प्राधिकरणले यस वर्षको हिउँदयाममा भारतबाट ३५० मेगावाट विद्युत् आयात गर्न अनुमति पाएको छ। भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले भारतीय ऊर्जा विनिमय बजार आइएक्सको डे-अहेड तथा रियल टाइम बजारबाट प्रतिस्पर्धी दरमा दैनिक १७ घण्टासम्म विद्युत् आयात गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुमति दिएको हो।

प्राधिकरणले मंसिर १ गतेदेखि २०८४ सालको साउन १५ गतेसम्म विद्युत् आयात गर्न पाउनेछ। यसअनुसार बिहान ५ देखि ८ बजेसम्म र साँझ ५ देखि ९ बजेसम्मबाहेक अन्य समयमा आईएक्सबाट दैनिक विद्युत् आयात गर्न सकिनेछ।

कटैया-कुशाहा, रामनगर-सुरजपुरा र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनमार्फत ३०० मेगावाट तथा न्यू नौतनिया-मैनहिया १३२ केभी प्रसारण लाइनमार्फत ५० मेगावाट गरी कुल ३५० मेगावाट विद्युत् आयात गर्न सकिनेछ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले भारतबाट ३५० मेगावाट विद्युत् आयातको अनुमति प्राप्त भएकाले आगामी हिउँदयाममा विद्युत् माग र आपूर्तिको व्यवस्थापन गर्न थप सहज हुने बताए।

रसुवास्थित भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको हिमबाढीका कारण जलविद्युत् आयोजना तथा प्रसारण लाइनमा क्षति पुग्दा ४३१ मेगावाट जडित क्षमता भएका आयोजनाहरू राष्ट्रिय विद्युत् प्रणालीबाट विच्छेद भएका छन्।

गाडीचालकदेखि सरकारी सेवाको अधिकृतसम्म

❐ **काँक्रेविहार संवाददाता**
जाजरकोट, १ मंसिर

जाजरकोटका युवा प्रेमबहादुर बुढामगरको गाडीचालकबाट सुरु भएको जीवनको यात्रा अहिले सरकारी सेवाको शाखा अधिकृतसम्म पुगेको छ।

भौगोलिक विकटता दुर्गम गाउँमा अभाव र सङ्घर्षलाई पराजित गर्दै अधिकृतमा सिफारिस भएका बुढामगर तत्कालीन माओवादी सशस्त्र युद्धमा बुवा गुमाएपछि पाँच वर्षको उमेरमै टुहुरो भएका प्रेमले मामाघरमा बसेर जेनतेन गाउँको सामुदायिक विद्यालयमा अध्ययन गरेका थिए।

जीविकोपार्जनका लागि उनले जाजरकोट-नेपालगन्ज चल्ने बसको सहचालक हुँदै चालक भएर काम गरिरहेका थिए।

उच्चशिक्षाको अध्ययन सकेर २०७३ सालमा स्वास्थ्य सेवा कार्यालयको गाडी चलाउँदा लोक सेवाको सपना देखेको बताउने बुढाको सपना अन्ततः पूरा भएको छ।

२०७८ सालमा सवारीचालकको जागिर छोडेर लोक सेवा आयोगको तयारी गरेको बुढा बताउछन्।

बागमती प्रदेशबाट सहायक पाँचौं तह सरकारी सेवामा प्रवेश गरेका बुढा अहिले पाँचौं तह हुँदै अधिकृतमा सिफारिस भई सरकारी सेवाको उच्च पदमा पुगेका छन्।

उनका अनुसार मैले मेहनत गरेँ भने सफल हुन्छु भन्ने लागेपछि गाडी छोडेर लगातार अध्ययन गरेर नै सफलता हात परेको हो।

दर्ता नं. ११९. २०/०५५/०२७

बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.
Bauddha Grameen Multipurpose Co-operative Ltd.
(सहकारी ऐन २०४८ अन्तर्गत दलां भएको)

२६औं बार्षिक साधारण सभाको सूचना

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ३९ को उपदफा २, सहकारी नियमावली २०७५ को नियम १८, सहकारी संस्थाको साधारण सभा निर्देशिका २०७६ र यस सहकारी संस्थाको विनियम २०५७ को दफा २९ बमोजिममा भएको व्यवस्था बमोजिम यस संस्थाको २६ औं बार्षिक साधारण सभा आयोजना गर्ने सम्बन्धमा मितिः २०८३।०८।०१ गतेको संचालक समितिको बैठक नं. ५४० को निर्णय अनुसार संस्थाको २६ औं बार्षिक साधारण सभा संस्थाको सम्पुर्ण कार्यक्षेत्रलाई ७ एकाईमा विभाजन गरी तपशिल बमोजिमको, मिति, समय र स्थानमा निम्न अनुसारको प्रकृयाहरु अवलम्बन गरि साधारण सभा सम्पन्न गर्ने निर्णय भएकाले सम्पुर्ण सेयर सदस्यज्युहरुलाई साधारण सभाको बैठकमा सहभागिताको लागि हार्दिक अनुरोध छ।

साधारण सभाका कार्यसूचीहरु :

१. संस्थाको संचालक समितिको आ.ब.२०८२/०८३ को बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
२. आ.ब २०८२/०८३ को बार्षिक लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
३. संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
४. आ.ब २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा,
५. शेयर लाभांस पारित तथा वितरण गर्ने,
६. संरक्षित पूँजी फिर्ता कोष तथा कर्मचारी बोनस पारित तथा वितरण गर्ने,
७. लेखा सुपरिवेक्षण समितिमा रिक्त रहेको सदस्य पदमा पदाधिकारी छनौट गर्ने सम्बन्धमा।
८. आ.ब २०८३/०८४ का लागि लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,
९. संस्थाको नीति, कार्यविधि, निर्देशिका तथा थप परिपत्र पारित गर्ने,
१०. संस्थाको बचत तथा ऋणको व्याजदर, ऋण लगानी, बचत परिचालन सम्बन्धि परीवर्तन गरीएको नियमहरु अनुमोदन गर्ने।
११. संस्थामा कर्मचारी दरबन्दि तथा पदपुर्ति सम्बन्धि भएका निर्णयहरु अनुमोदन गर्ने।
१२. संस्थाको कार्यकारी प्रमुख तथा संचालक समितिको सेवा सुविधा एवं भत्ता निर्धारण गर्ने,
१३. संस्थाको सचिवको जिम्मेवारी फिर्ता सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने,
१४. संस्थाको कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने।
१५. बाह्य संघ संस्था तथा बैंकसंगको कर्जा कारोबार स्वीकृत गर्ने,
१६. संस्थाको लागि खरीद गरीएको जग्गा तथा सम्पत्तिहरु स्वीकृत गर्ने,
१७. संस्थाको निमार्णाधिन भवनहरुको खर्च स्वीकृती गर्ने।
१८. संस्थाको लागि आवश्यक जग्गा खरीद गर्ने,
१९. संस्थामा आवश्यक सवारी साधन तथा मेशिनरी औजारहरु खरीद गर्ने।
२०. संस्थाको कार्यक्षेत्र थप गर्ने।
२१. संस्थाको कार्यक्षेत्र भित्र सेवा केन्द्रहरु थप गर्ने।
२२. संस्थाको विनियम २०५७ पुर्नलेखन सहित संसोधन गर्ने।
२३. संस्थाको विद्यालय संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने।
२४. कृषि फर्मको व्यवस्थापन एवं सम्पत्ति वेच विखन सम्बन्धि गरीएको निर्णय अनुमोदन गर्ने।
२५. संस्थाको डेरी उद्योग संचालन एवं व्यवस्थापन सम्बन्धि गरीएको निर्णय अनुमोदन गर्ने।
२६. संस्थाको पानि उद्योग संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने।
२७. मुद्दा दायर गर्ने सम्बन्धि गरीएको निर्णय अनुमोदन गर्ने।
२८. धितो लिलाम सम्बन्धि गरीएको निर्णय अनुमोदन गर्ने।
२९. अन्य सहकारी संस्थाहरुसंग एकिकरण गर्ने साथै एकीकरण गर्नको लागि अख्तियारी दिने।
३०. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा।
३१. सम्पत्ति शुद्धिकरण निवारणतर्फका कार्यहरुको कार्यान्वयन सम्बन्धमा।
३२. संस्थागत प्रतिनिधिको जानकारी।
३३. प्रश्न वा सुझाव।
३४. २६ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणीत गर्ने।
३५. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा।

प्रतिनिधि छनौट (बिस्तारित मञ्च भेला) सम्बन्धी प्रक्रियाहरु तथा जानकारी :

संस्थाका सम्पुर्ण कार्यक्षेत्रलाई निम्न अनुसारको ७ (सात) क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रमा निम्न अनुसारको मितिमा कार्यक्रम संचालन गरी तोकिए बमोजिमको प्रतिनिधि छनौट गर्दै अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु चयन गरिने छ।

क्र.सं.	एकाई बैठक नं.	सेवा केन्द्र तथा कार्यक्रम	एकाई बैठक हुने मिति	एकाई बैठक हुने स्थान	प्रतिवेदन वितरण हुने स्थान	सुझाव प्रदान गर्ने स्थान र मिति
१.	१.	दुल्लु, राकम कर्णाली, ठाटीकाँध	२०८३।०९।०२	दुल्लु न.पा. वडा नं ७, दुल्लु बजार	सम्बन्धित सेवा केन्द्रहरु	सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म
२.	२.	खलंङ्गा, डिल्लीचौर, नराकोट	२०८३।०९।०४	चन्दननाथ न.पा. वडा नं. ७, खलंगा, जुम्ला		सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म
३.	३.	नौमुले, चुप्रा, डुङ्गेश्वर	२०८३।०९।०६	नौमुले गा.पा.वडा नं. १, नौमुले बजार		सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म
४.	४.	खलंङ्गा, थलह	२०८३।०९।०८	छेडागाड न.पा. वडा नं. ५, थलह		सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म
५.	५.	छिन्चु, मैनतडा, बोटेचौर, राकम	२०८३।०९।१०	गुर्भाकोट न.पा. ०८, मेहलकुना		सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म
६.	६.	बावियाचौर, बडडीचौर	२०८३।०९।१२	पञ्चपुरी न.पा., ६ बावियाचौर		सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म
७.	७.	सहकारी लाटिकोईली, लाटिकोईली, सुन्दरनगर, मुलपानी, साटाखानी, मटेला	२०८३।०९।१४	वीरेन्द्रनगर वडा नं. ३, सुर्खेत		सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म

एकाई प्रतिनिधिहरुको सभा तथा अन्तिम निर्णय प्रमाणिकरण कार्यक्रम :
मितिः २०८३/०९/१७ गते,
समयः बिहानको ठिक ११:०० बजेदेखि।
स्थान : केन्द्रिय कार्यालय, सभाहल, वीरेन्द्रनगर-०९, सुर्खेत।

अन्य

१. साधारण सभा प्रयोजनको लागि संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ इकाइमा विभाजन गरिएको छ। साथै सम्पुर्ण सेवा केन्द्रहरु उपएकाई मानिएको छ।
२. साधारण सभाको प्रतिवेदन सेवा केन्द्रमार्फत वितरण गरिने छ। संस्थाको Website : www.bgmcl.com पनि उपलब्ध हुनेछ।
३.साधारण सभा प्रयोजनको लागि प्रत्येक एकाई, उपइकाईमा समान कार्यसूचीको आधारमा छलफल गरीनेछ।
४.सदस्यबाट प्राप्त सुझावहरु लिखितरुपमा लिइने र उपयुक्त सुझावलाई अन्तिम निर्णयमा समेटिने छ।
५.संस्थाको प्रतिवेदनमाथि सदस्यको कुनै सुझावहरु पेश गर्नुपर्ने भए मिति २०८३।०९।१४ गतेसम्म संस्थाको सेवा केन्द्रमा दिन सकिने छ। सदस्यले सुझाव संस्थाको ईमेल : info@bgmcl.com मा समेत पठाउन सक्नुहुने छ।
६. एकाईमा हुने साधारण सभाबाट अन्तिम माईन्यूट प्रमाणित गर्नको लागि उपस्थित सदस्यहरु मध्येबाट २१ जना प्रतिनिधि सदस्य छनौट गरिनेछ।
७. एकाईगत आयोजना गरीने साधारण सभाको सुचना सम्बन्धित एफ.एम, संस्थाको वेभसाईट, फेसबुक पेज मार्फत जानकारी गराईएको तथा पत्राचार समेत गरीएको अवस्थामा कारणवस सूचना प्राप्त गर्न नसकेको भए यसै सुचनालाई आधारमानि साधारण सभामा उपस्थितीको लागि अनुरोध छ।

संचालक समितिको आज्ञाले,
पासाङ्ग महत्तरा
(सचिव)

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)